# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, बैशाख १९ गते, २०७६ साल (अतिरिक्ताङ्क ३


## भाग १

## प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. ३

## <u>प्रदेश नं. ५, प्रदेश प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>

**प्रस्तावनाः** सूचना र सञ्चारका क्षेत्रमा उपलब्ध आधुनिक प्रविधिको प्रयोग गरी प्रसारणका माध्यमलाई विश्वसनीय, निष्पक्ष सूचनाको प्रवाहलाई निर्वाध रूपले प्रसारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न र जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवम् सम्वर्द्धन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, को प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "प्रदेश नं. ५, प्रदेश प्रसारण ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "इजाजतपत्र" भन्नाले कुनै प्रसारण संस्थालाई प्रसारण गर्नका लागि दफा ६ बमोजिम दिइने प्रसारण इजाजतपत्र वा फ्रीक्वेन्सी मोडुलेशन (एफ.एम) प्रसारण प्रणालीको स्थापना गरी प्रसारण गर्न दिइने इजाजत पत्रलाई सम्झनुपर्छ ।

(ख) "कम्पनी" भन्नाले कम्पनी ऐन अनुसार स्थापना भएका लिमिटेड वा प्राइभेट लिमिटेड कम्पनी सम्झनुपर्छ । सो शब्दले नेपाली र विदेशी कम्पनीले गरेको संयुक्त लगानी उपक्रम (जोइन्ट भेन्चर) लाई समेत बुझाउनेछ ।

(ग) "कार्यक्रम" भन्नाले श्रव्य वा श्रव्यदृश्यको माध्यमद्वारा प्रसारण हुने जुनसुकै किसिमको कार्यक्रमलाई सम्झनुपर्छ ।

(घ) "केबुल" भन्नाले कुनै निश्चित प्रसारण केन्द्रबाट तारको माध्यमद्वारा प्रसारण सामग्री उपभोक्ता समक्ष पुऱ्याउने प्रविधि सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(च) "न्यूनतम पारिश्रमिक" भन्नाले नेपाल सरकारले संचार क्षेत्रमा श्रमजीवि पत्रकार तथा अन्य कर्मचारीका लागि तोकेको न्यूनतम पारिश्रमिक भन्ने सम्झनुपर्छ ।

(छ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. ५ को कार्यकारिणी अधिकार प्रयोग गर्ने प्रदेश मन्त्रिपरिषद् सम्झनुपर्छ ।

(ज) "प्रसारक" भन्नाले प्रसारण संस्थाबाट प्रसारण हुने कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने व्यक्ति र संगठित संस्थालाई सम्झनुपर्छ ।

(झ) "प्रसारण" भन्नाले शब्द, अक्षर, इसारा, आवाज, आकृति, तस्वीर वा अन्य यस्तै प्रकारबाट आम जनताले जानकारी पाउन सक्ने गरी पठाइने एफ.एम., रेडियो, टेलिभिजन र अन्य विद्युतीय माध्यम समेतको सञ्चार सेवा सम्झनुपर्छ ।

(ञ) "प्रसारण संस्था" भन्नाले यस ऐन बमोजिम कार्यक्रम प्रसारण गर्न इजाजतपत्र प्राप्त व्यक्ति, संगठित संस्था, सरकारी निकाय वा स्थानीय तह सम्झनुपर्छ । सो शब्दले इन्टरनेट वा अन्य विद्युतीय माध्यमबाट आम जनताका लागि प्रसारण गरिने माध्यम समेत सम्झनुपर्छ।

(ट) "फ्रीक्वेन्सी मोडुलेशन प्रसारण प्रणाली" भन्नाले फ्रीक्वेन्सी मोडुलेशन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो वा टेलिभिजन प्रविधिका लागि तोकिएको माध्यमबाट गरिएको प्रसारण सम्झनुपर्छ ।

(ठ) “भू-उपग्रह प्रसारण प्रणाली” भन्नाले स्याटेलाईट मार्फत प्रसारण गर्ने प्रणाली सम्झनुपर्छ ।

(ड) "भू-सतही" भन्नाले पृथ्वीको सतह प्रयोग गरी तार जडित वा तार रहित माध्यमबाट प्रसारण गरिने प्रणाली सम्झनुपर्छ ।

(ढ) “मन्त्रालय” भन्नाले प्रदेश नं ५ को सूचना तथा संचार हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(ण) “विनियम” भन्नाले प्रसारण संस्थाले स्वनियमनका लागि तयार पारेको विभिन्न विषयको नियमहरूको संग्रह सम्झनुपर्छ ।

(त) “संगठित संस्था” भन्नाले प्रचलित कानून अनुसार दर्ता कायम रहेको संस्था सम्झनुपर्छ ।

(थ) “सञ्चारकर्मी” भन्नाले प्रसारण संस्थामा कार्यरत पत्रकार, संवाददाता, दृष्य तथा अडियो सम्पादक, क्यामरा पर्सन, अन्तरवार्ताकार, कार्यक्रम प्रस्तोता, कार्यक्रम उत्पादक, प्राविधिक एवं प्रसारण संस्थामा कार्यरत अन्य सञ्चारकर्मीलाई सम्झनुपर्छ ।

(द) “संचारकर्मी सुरक्षा कोष” भन्नाले प्रदेश कानून बमोजिम स्थापित योगदानमा आधारित संचारकर्मी सुरक्षा कोष भन्ने सम्झनुपर्छ ।

(ध) “स्याटेलाइट” भन्नाले विभिन्न प्रसारण सामग्री प्राप्त गर्न वा अन्यत्र पठाउनको लागि अन्तरिक्षमा अवस्थित भू-उपग्रह सम्झनुपर्छ ।

३. **प्रसारण सम्बन्धी कार्यक्रमको सञ्चालन, नियमन र अनुगमनः** प्रदेश सरकारले प्रदेश भित्र प्रसारण संस्था र कार्यक्रमको सञ्चालन, नियमन र अनुगमनसम्बन्धी अनुमति, नीति निर्माण गर्न सक्नेछ ।

४. **इजाजत पत्र लिनुपर्नेः** प्रसारकले इजाजत पत्र लिएर प्रसारण गर्नुपर्ने छ।

५. **<u>इजाजतपत्रका लागि निवेदन दिनुपर्ने:</u>** (१) प्रदेश भित्रको कुनै ठाउँमा भू-उपग्रह, भू-सतही, केबुल वा अन्य सञ्चार माध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न वा एक सयदेखि एक हजार वाटसम्मको क्षमता भएका फ्रीक्वेन्सी मोडुलेशन प्रसारण प्रणालीको स्थापना गरी शिक्षाप्रद, मनोरञ्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न चाहने नेपाली नागरिक वा संगठित संस्थाले तोकिए बमोजिम निवेदन दिनुपर्नेछ ।

(२) यस ऐनको अधिनमा रही प्रदेशभित्र रहेको कुनै पनि सरकारी निकाय वा स्थानीय तहले खास विषयमा प्रसारण कार्य गर्न इजाजतका लागि तोकिए बमोजिम निवेदन दिन सक्नेछन् ।

६. **<u>इजाजतपत्र दिन सकिने:</u>** दफा ५ बमोजिमको निवेदन पर्न आएमा मन्त्रालयले उक्त निवेदन उपर आवश्यक जाँचबुझ गरी निवेदकलाई तोकिएको शर्तहरू पालना गर्ने गरी तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

७. **<u>प्रसारणमा रोक लगाउन सकिने:</u>** संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई ध्यानमा राखी मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी एकपटकमा छ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

८. **<u>भू-उपग्रह प्रणाली सम्बन्धी व्यवस्था:</u>** (१) कुनै व्यक्ति वा संगठित संस्था वा स्वदेशी र विदेशी संयुक्त लगानीमा स्थापित कम्पनीले स्याटेलाइट तथा केबुल टेलिभिजन सम्बन्धी भू-उपग्रह प्रसारण प्रणाली स्थापना गरी कुनै

कार्यक्रम प्रसारण गर्न स्वीकृतिका लागि मन्त्रालय समक्ष निवेदन दिएमा संघीय सरकार समक्ष पठाउन पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भई आएका स्याटेलाइट तथा केबुल टेलिभिजन वितरकले स्थानीय तथा सामुदायिक टेलिभिजनलाई प्राथमिकता दिई प्रसारण गर्नुपर्नेछ ।

९. **<u>प्रसारण तथा वितरण शुल्कः</u>** इजाजत प्राप्त प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा तोकिएको निकायलाई तिर्नुपर्ने शुल्क र त्यस्तो कार्यक्रम उपयोग गर्ने व्यक्ति वा संस्थाबाट लिनुपर्ने शुल्क तोकिए बमोजिम हुनेछ ।

१०. **<u>कार्यक्रम उत्पादन तथा प्रसारणः</u>** इजाजतप्राप्त प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनुपर्नेछः-

(क) कृषि, पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य, विज्ञान तथा प्रविधि, वाणिज्य र वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रम,

(ख) सबै जात, जाति, भाषा, वर्ण, क्षेत्र, लिङ्ग तथा धर्म वा सम्प्रदायबीच समानता, आपसी सद्भाव र सुसम्बन्ध अभिवृद्धि गर्ने किसिमका कार्यक्रम,

(ग) प्रदेशका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पुऱ्याउने कार्यक्रम,

(घ) राष्ट्रिय हित र राष्ट्रिय एकता अभिवृद्धि गराउने विषयका कार्यक्रम,

(ङ) जनचेतना तथा नैतिक जागरण वृद्धि गर्ने विषयका कार्यक्रम,

(च) लोकतान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने र जनतामा सामाजिक चेतना बढाउने कार्यक्रम,

(छ) नेपाल र छिमेकी मुलुक तथा मित्र राष्ट्रसंगको सम्बन्ध प्रवर्धन गर्ने विषयका कार्यक्रम,

(ज) लोक गीत र लोक संस्कृतिको प्रवर्धन हुने कार्यक्रम,

(झ) स्थानीय तथा प्रदेश स्तरमा भए गरेका महत्वपूर्ण गतिविधि ।

(ञ) विशेष अवस्था र क्षमता भएका व्यक्तिका गतिविधि,

(ट) लोपोन्मुख, पछाडी पारिएका वर्ग र समुदायका गतिविधि,

(ठ) नीतिगत रुपमा प्रदेश सरकारको प्राथमिकतामा परेका कार्यक्रम र क्षेत्र,

(ड) प्रसारण गर्दा कम्तिमा ५० प्रतिशत प्रदेश भित्रका गतिविधि समावेश हुनुपर्ने छ ।

**११. <u>कार्यक्रम उत्पादन तथा प्रसारणमा सहभागी गराउन सकिनेः</u>** कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा सरकारी निकाय वा अन्य संस्था वा कम्पनीलाई समेत सहभागी गराउन सकिनेछ ।

**१२. <u>विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिनेः</u>** विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमले प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा राष्ट्रिय हीतमा प्रतिकूल प्रभाव नपर्ने गरी तोकिएको मापदण्डको आधारमा समय उपलब्ध गराउन सकिनेछ ।

**१३. <u>विज्ञापन प्रसारण सम्बन्धी व्यवस्थाः</u>** (१) विज्ञापन प्रसारण गराउन चाहेमा कुनै व्यक्ति, संस्था वा निकाय वा कम्पनीसँग निश्चित शुल्क लिई विज्ञापन प्रसारण गराउने समय उपलब्ध गराउनु पर्नेछ ।

(२) प्रदेश सरकारले विपद् वा अन्य कुनै जरूरी सार्वजनिक सूचना तत्काल प्रसारण गर्नु परेमा प्रसारण संस्थाले निःशुल्क प्रसारण गरिदिनु पर्नेछ ।

१४. **<u>विज्ञापन प्रसारण गर्न नपाइने</u>:** दफा १३ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि देहायको कुराहरूको विज्ञापन प्रसारण गर्न गराउन पाउने छैनः-

(क) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता, संघीय इकाइ बीचको सु-सम्बन्ध वा सार्वजनिक शान्ति र व्यवस्थामा खलल पर्ने कार्य,

(ख) अश्लिल किसिमका सामग्री,

(ग) हिंसा र आंतकलाई प्रश्रय दिने सामग्री,

(घ) जनमानसमा अस्वाभाविक भय आतंक तथा भ्रम पैदा गर्ने प्रकृतिका सामग्री,

(ङ) कुनै जात, जाति, भाषा, धर्म, सम्प्रदाय र संस्कृतिलाई अपव्याख्या, अवहेलना तथा अवमूल्यांकन गर्ने सामग्री,

(च) जनस्वास्थ्यलाई हानि पुऱ्याउने धुम्रपान तथा मदिरा जस्ता पदार्थहरूको विज्ञापन ।

१५. **<u>प्रसारक तथा अन्य कर्मचारीको नियुक्ति सेवा सुविधा</u>:** (१) प्रसारक तथा अन्य कर्मचारी नियुक्ति गर्दा प्रसारण संस्थाले योग्यता, छनौट प्रक्रिया, सेवा र सुविधा समेत निर्धारण गरिएको कर्मचारी प्रशासन विनियम अनुसार गर्नु पर्नेछ ।

(२) प्रसारकको योग्यता तोक्दा सम्बन्धित क्षेत्रको दक्षता भएको हुनुपर्दछ ।

(३) प्रसारण संस्थाका प्रसारक तथा अन्य कर्मचारीको सेवा सुविधा निर्धारण गर्दा न्यूनतम् पारिश्रमिकमा नघट्ने गरी तोक्नुपर्नेछ ।

(४) प्रसारक र अन्य कर्मचारी नियुक्ति गर्दा लैङ्गिक एवम् सामाजिक समावेशीताको सिद्धान्त बमोजिम हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) प्रसारण संस्थाले खूद नाफाको कम्तीमा पाँच प्रतिशत (५%) संचारकर्मीको सुरक्षाका लागि कट्टा गरी राख्नुपर्नेछ ।

(६) कोषको व्यवस्थापन प्रदेश कानून बमोजिम हुनेछ ।

१६. **<u>प्रसारकको काम, कर्तव्य र अधिकारः</u>** (१) प्रसारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) आफू समक्ष प्राप्त हुन आएका सूचना, समाचार, लेख वा कार्यक्रमको सत्य तथ्य छानविन गरी पुष्टि भएपछि निर्धारित समयमा प्रसारण गर्ने, गराउने,

(ख) निष्पक्ष भै समाचारको सम्पादन तथा प्रसारण गर्ने, गराउने,

(ग) कुनै पनि व्यक्ति वा संस्थाको कानूनले संरक्षण गरेको गोपनीयता र सामाजिक संवेदनशीलता आँकलन गरेर मात्र प्रसारण सामग्री प्रसारण गर्ने गराउने,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रसारण गर्दा प्रसारकले निम्न कुरामा ध्यान दिनु पर्नेछ;

(क) सार्वजनिक सुरक्षा, नैतिक र सामाजिक मर्यादामा आँच आउने किसिमका कार्यक्रमहरू प्रसारण नगर्ने, नगराउने,

(ख) व्यक्तिको गोपनियता हनन् हुने, गाली बेइज्जत हुने, चरित्र हत्या हुने, लैङ्गिक हिंसा वा जातीय विभेदलाई बढावा दिने प्रकृतिका सामग्री प्रसारण नगर्ने, नगराउने,

(ग) लापरवाही वा हेलचक्र्याईं पूर्वक कुनै पनि कुराको प्रसारण नगर्ने, नगराउने,

(घ) गलत तथा भ्रामक समाचारको प्रसारण नगर्ने, नगराउने,

(ङ) प्रचलित कानुनले प्रसारण गर्न रोक लगाएका प्रसारण सामग्री प्रसारण नगर्ने, नगराउने,

**१७. <u>सजायः</u>** (१) कसैले प्रसारण संस्थाको इजाजत पत्र नलिई वा कार्यक्रम प्रसारणको स्वीकृती नलिई कुनै कार्यक्रम प्रसारण गरे गराएमा त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीको आदेशबाट इजाजत पत्र तथा अनुमति पत्र वापत लाग्ने दस्तुर वा शुल्क असुल गरी सो बराबरको रकम जरिवाना हुनेछ ।

(२) कसैले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरित कुनै कार्यक्रम प्रसारण गरे गराएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित कुनै कार्य गरे गराएमा त्यस्तो प्रसारण संस्था, प्रसारक वा सम्बन्धित अन्य व्यक्तिलाई तोकिएको अधिकारीले पाँच हजार देखि तीसहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(३) उपदफा (१) र उपदफा (२) बमोजिम कारवाही गर्दा पनि सोही कसूर दोहोऱ्याएमा उपदफा (१) र (२) मा उल्लेखित भएको रकमको दोब्बर जरिवाना गरिनेछ ।

(४) उपदफा (३) बमोजिमको जरिवाना गर्दा पनि सोही कसूर दोहोऱ्याएमा इजाजतपत्र रद्द गरिनेछ ।

(५) उपदफा (४) बमोजिम इजाजत पत्र रद्द गर्नु अघि प्रदेश सरकारले त्यस्तो प्रसारण संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्ने छ ।

१८. **पुनरावेदनः** यस ऐन बमोजिम प्रदेश सरकार वा तोकिएको अधिकारीले दिएको आदेश वा सजाय उपर चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

१९. **प्रसारण संस्थाको सुरक्षाः** प्रसारण संस्थामा हुलदङ्गा वा अशान्तिबाट कुनै किसिमको हानि नोक्सानी हुने सम्भावना छ भन्ने लागेमा सम्बन्धित प्रसारण संस्थाको अनुरोधमा प्रदेश सरकारले त्यस्तो ठाउँमा आवश्यक सम्झेको अवधिसम्मका लागि सुरक्षाको व्यवस्था गर्नेछ ।

२०. **अधिकार प्रत्यायोजनः** प्रदेश सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये कुनै वा सबै अधिकार कुनै अधिकारी वा निकायलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

२२. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा लेखिएका कुरामा यसै ऐन बमोजिम र अरूमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२३. **<u>खारेजी र बचाउः</u>** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून अनुसार इजाजत लिई संचालनमा रहेका प्रसारण संस्थाले यसै ऐन बमोजिम इजाजतपत्र लिएको मानिनेछ।

प्रमाणीकरण मितिः २०७६/०१/१९

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय